


# खेलकुद र स्काउट गतिविधि

## लेटाङ २०८१

लेटाङ नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ








## नगर खेलकुद विकास समितिका सदस्यहरू

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री कृष्णकुमारी निरौला | अध्यक्ष |
| २ | श्री विष्णुप्रसाद सुवेदी | सदस्य |
| ३ | श्री रामकुमार श्रेष्ठ | सदस्य |
| ४ | श्री भिमप्रसाद पोखेल | सदस्य |
| ५ | श्री अमिता राई | सदस्य |
| ६ | श्री जितबहादुर लामा | सदस्य |
| ७ | श्री अरुण राई | सदस्य |
| ८ | श्री सुशिला आले | सदस्य |
| ९ | श्री कृष्णराज राई | सदस्य सचिव |



# भलिवल

## महिला र पुरुष

नेपालको राष्ट्रिय खेलको रुपमा रहेको भलिबल खेल  अमेरिकाको शारीरिक शिक्षा विषयका शिक्षक विलियम जी मोर्गन ले ९ फेब्रुअरी, १८९५ मा आविश्कार गरेका थिए भन्ने  स्रोतमा रहेको पाइन्छ, नेपालमा भलिबल खेल वि.स. १९९० सालमा भित्रिएको इतिहास रहेको पाइन्छ।

लेटाङ नगरपालिकाको प्रथम खेल महोत्सव २०८१, मा समावेश गरिएका प्रमुख खेलहरु मध्ये महिला र पुरुष भलिबल खेल रहेको थियो । भलिबल खेल तर्फ सन्तकुमार लिम्बुलाई प्राविधिक सम्पर्क व्यक्ति तोकिएको थियो। महिला तर्फ यस खेलमा वडा गत ९ वटा टिमहरु सहभागी भइ प्रतिष्पर्धा गरेकोमा वडा नं. ७ प्रथम, वडा नं. ९ द्वितीय र वडा नं. ५ तृतीय साथै पुरुष तर्फ वडा गत रुपमा ८ वटा टिमहरु सहभागि भइ प्रतिष्पर्धा गरेकोमा वडा नं. ७ प्रथम, वडा नं. १ द्वितीय र वडा नं. ६ तृतीय स्थानमा विजयी भएर पुरस्कृत भएका थिए।


FTTH


ANJU
















# फुटबल

खेल इतिहासमा दह्रिलो अर्थतन्त्रको क्षेत्र ओगटेको फुटबल खेल विश्वमा लोकप्रिय रहेको छ। फुटबल खेलमा राष्ट्रिय स्तरका खेलाडी समेत रहेको लेटाङ नगरपालिकाले व्यवसायिक खेलाडी उत्पादन गर्न यस बर्षदेखि खेल प्रशिक्षण कार्यक्रम समेत सुरु गरेको छ। विगत वर्षहरु देखि नै नगरपालिकामा वडा तथा नगर स्तरीय फुटबल प्रतियोगिताहरु सञ्चालन हुदै आएको छ। नगरपालिकास्तरीय प्रथम र दोस्रो मेयरकप फुटबल प्रतियोगिता समेत सम्पन्न भएको थियो । खेलकुदका कार्यक्रमलाई विभिन्न खेलहरु एकीकृत गरी आयोजना गरीएको प्रथम लेटाङ खेलकुद महोत्सव २०८१ मा फुटबल खेल समावेश गरिएको थियो। खेलमा वडागत ८ वटा समुहले प्रतिशपर्धा गर्दा वडा नं. ६ प्रथम, वडा नं. ३ द्बितीय र वडा नं. ८ तृतीय स्थानमा विजयी भएका थिए।

















# क्रिकेट

क्रिकेट खेल विश्वमा लोकप्रिय भएतापनि लेटाङ नगरपालिकामा यो खेल सम्बन्धी गतिविधि कमै हुने गरेकोमा आ.व. २०८०/०८१ मा सञ्चालन गरिएको पालिकास्तरीय प्रतियोगिता नगर स्तरबाट आयोजना गरिएको पहिलो क्रिकेट प्रतियोगिता हो। क्रिकेटलाई नगरपालिका स्तरीय खेल महोत्सव २०८१ मा समावेश गरिएको थियो। नगरपालिकाको वडा नं. ५ मा रहेको बुद्ध रंगशालामा सञ्चालन गरिएको खेलमा इच्छुक खेलाडीहरू मध्ये अक्सन विधिको माध्यमबाट ५ वटा टिम तयार गरी सञ्चालन गरिएको थियो। क्रिकेटतर्फको प्रथम उपाधि लेटाङ अस्पताल टिमले जित्न सफल भएको थियो भने राजारानी क्रिकेट क्लबले दोस्रो स्थान र कीर्तिमान क्रिकेट क्लबले तेस्रो स्थान हासिल गरेको थियो। नगरमा खेलाउन सुरु गरिएको छोटो समयमा लोकप्रियता बढ्दैगएको छ।यसै वर्षदेखि क्रिकेट खेलमा सुधार गर्न लेटाङ बजारमा ३० कार्यदिने प्रशिक्षण समेत सुरु गरिएको छ।



















# व्याटमिन्टन


लेटाङ नगरपालिकामा ब्याडमिन्टन  खेल विगत लामो समयदेखि युवा तथा भेट्रान खेलाडीहरुले खेल्दै आएका छन्। खेलको लागि लेटाङ ४ मा व्यवस्थित कभर्डहल समेत निर्माण भएको छ। लेटाङ ब्याडमिन्टन  क्लबले विभिन्न अवसरहरुमा साना ठूला प्रतियोगिताहरू आयोजना गर्ने गरेको छ। लेटाङ नगरपालिका स्तरीय खेलकुद महोत्सव २०८१ मा यो खेललाई प्रतिष्पर्धामा  सहभागिता गराई प्रतियोगिता सञ्चालन गरिएको थियो। ३२ जनाको सहभागिता रहेको यो खेल मिति २०८१/११/०५ गते कभर्डहलमा सञ्चालन भएको थियो। व्याडमिन्टनतर्फको प्रतियोगितामा निर्मल राई र राजधन राईको समूह प्रथम, विष्णु मगर र कृष्णराज राईको समूह द्बितीय र लिला देवी तुम्सा र विकाश अधिकारीको समूह तृतीय भएको थियो।















# टेवल टेनिस

लेटाङ खेलकुद महोत्सव २०८१ मा लेटाङ ४ का युवराज लावती टेबल टेनिस च्याम्पियन  बनेका थिए। खेलमा जम्मा १४ जना खेलाडीको नाम दर्ता भएको थियो।खेल सञ्चालन हुने समयमा १२ जना खेलाडी मात्र प्रतियोगितामा भाग लिएका थिए। प्रतियोगितामा  नरवहादुर गुरुङ दोस्रो र पर्वतमान राई तृतीय भएका थिए। सजिलो र सानो ठाँउमा खेल्न सकिने खेल भएतापनि खेलको लागि पर्याप्त पुर्वाधार विकास, प्रशिक्षण र प्रतियोगिता सञ्चालन अभावले यसको उचित विकास हुन नसकेको अवस्था छ। यो खेलको विकासको लागि थप क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने देखिन्छ।











# चेस


चेस बोर्डमा दुई खेलाडीले खेल्ने एउटा रणनीतिक खेल हो। जहाँ खेलाडीहरूले आफ्नो गोटीको चाल प्रयोग गरेर विरोधीको राजालाई चेकमेट गरी खेल जित्ने प्रयास गर्छन्। यो खेल तार्किक सोच र योजनाबद्ध रणनीतिको उत्तम उदाहरण हो।लेटाङ नगरपालिकामा बच्चा देखि वृद्ध सम्म लोकप्रिय रहेको छ। महोत्सवसँगै विद्यार्थीहरू समेतको प्रतिभा पहिचान गर्ने उद्देश्यले खुला प्रतियोगिताको रूपमा सञ्चालन गरिएको थियो। लेटाङ ब्याडमिन्टन क्लबको कभर्डहलमा सञ्चालन भएको यस खेलमा ३२ जना सहभागि थिए। प्रतियोगितामा लेटाङ ८ जाँतेका युनिक गौतम प्रथम लेटाङ ४ का चन्द्रकान्त तामाङ दोश्रो र लेटाङ ५ का भक्तबहादुर खड्का तेश्रो भएका थिए ।











# बाघचाल

बाघचाल एउटा परम्परागत नेपाली खेल हो जुन दुई खेलाडीहरुबीच खेलिन्छ। यसमा एउटा खेलाडीले चार बाघ र प्रतिद्वन्दीले २० वटा बाख्रा को गोटी प्रयोग गरी खेलिन्छ। खेलमा बाख्राहरुले बाघलाई घेरा हालेर पासोमा पार्ने र बाघले बाख्राहरुलाई खाने रणनीति बनाइ खेलिने परम्परागत बाघचाल खेल नगरपालिकाको चोक हरुमा जेष्ठ नागरिकहरु खेलिरहेको भेटिन्छ। यो खेलको संरक्षण तथा प्रचार गर्नका लागि नगरपालिकाले खेलकुद महोत्सवमा समावेश गरि प्रतियोगिता सञ्चालन गरेको थियो। ३० जना भन्दा वढीको उत्साहजनक सहभागिता रहेको यो खेलमा ९१ वर्षिय दुर्गाबहादुर श्रेष्ठले समेत सक्रिय सहभागिता जनाइ खेल प्रतिको उत्साहलाई उमेरले छेक्दैन भन्ने भनाइलाई सार्थक बनाउदै पालिकाको खेल महोत्सवमा जेष्ठ उमेरको प्रतिनिधित्व समेत जनाइ चौथो स्थान हासिल गरेका थिए। खेलमा रमाउदै आएका स्थानीयबासीहरु को सहभागिता भएको यो प्रतियोगितामा तृतीय अयुष चेम्जोङ, द्वितीय चन्द्रकुमार श्रेष्ठ र प्रथम रामकुमार श्रेष्ठ भएका थिए।

















# म्याराथन

विद्यालयका छात्र तथा छात्रालाई सामेल खेलमा सहभागिता जनाउने उद्देश्य अनुरूप १३ वर्ष मुनिका बालबालिका लाई समावेश गराएर महोत्सवमा सञ्चालन भएको ३ कि.मि. म्याराथन दौड मा ९१ जना सहभागि भएका थिए। दौडमा प्रथम हुने विवेक श्रेष्ठ र यानी मगर, द्वितीय हुने विवेक राना मगर र मिनाक्षी राई, तृतीय हुने समिल लिम्बू र दिपसिखा राई साथै सान्तवना हुने विराज राई र प्रिति राई लाई पुरस्कृत गरिएको थियो।






प्रथम लेटाङ नगरपालिका स्तरीय खेलकुद महोत्सव २०८१
२०८१ फाल्गुण ३ गतेदेखि ७ गतेसम्म
U-13 ३ कि.मि. म्यारथन दौड प्रतियोगिता







# पुरस्कार बितरण



























# खेलकुद विकास समितिको नजरमा खेल महोत्सब

आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रममा समावेश गरेर "नगर भित्रको वडास्तरसम्म सञ्चालन हुने सबै खेलकुद प्रतियोगिताहरू नगर खेलकुद विकास समितिले तयार गरेको कार्यतालिका अनुसार खेल महोत्सव सञ्चालन गरिनेछ" भन्ने नीति कार्यान्वयन गर्न विभिन्न ९ खेल समावेश गरी प्रथम नगरस्तरीय खेलकुद महोत्सब २०८१ मिति २०८१ फागुन ३ देखि फागुन ०७ सम्म सञ्चालन गरीएको थियो।महोत्सबमा महिला र पुरुष भलिबल, फुटबल, क्रिकेट, ब्याटमिन्टन, चेस, बाघचाल, टेबल टेनिस र म्याराथन प्रतियोगिता सञ्चालन भएको थियो।

नगरको खेल मैदानहरुको संरक्षण, स्तरोन्नती गर्दै खेलकुदको विकास गर्ने,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी र अन्तरपालिका स्तरीय खेलका विजेता खेलाडीलाई पुरस्कृत गर्ने साथै खेलकुद प्रशिक्षकको व्यवस्था गरी महिला भलिबल, क्रिकेट र फुटबलमा व्यवसायिक खेलाडी उत्पादन गर्न प्रशिक्षण सञ्चालन गरीरहेको छ। नगरपालिकाले खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, पालिकाको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदलाई व्यवसायिक युवा खेलाडी विकास, स्वस्थ जीवन प्रवर्द्धन र मनोरञ्जनमा योगदान गर्ने उद्देश्यका आधारमा प्रतियोगिताहरु सञ्चालन गर्ने नीति लिएको छ। सोही अनुसार यस बर्ष सञ्चालन भएका वडा तथा टोल स्तरीय प्रतियोगिताहरु सञ्चालनमा सहजिकरण तथा सहयोग समेत गरिएको छ। अन्तरपालिका स्तरीय आमन्त्रित प्रतियोगिताहरूमा सहभागिता जनाउदै खेलाडीको सिप विकास र प्रोत्साहित गर्ने प्रयास गरिएको छ। खेलकुद महोत्सवमा पाँचसय भन्दा बढी खेलाडी, पचास भन्दा वढी खेल अफिसियल, स्वयम्सेवक र विभिन्न स्थानको हजारौं दर्शक सीमित स्रोत र जनशक्तिबाट चुस्त व्यवस्थापन गर्न आयोजकका लागि चुनौतिपूर्ण कार्य थियो। नगरपालिकाको जनप्रतिनिधिहरु, कर्मचारीहरु,खेलकुद विकास समिति, खेल प्राविधिक र फोकल पर्सन, शिक्षक,सुरक्षाकर्मी, पत्रकार, खेल सस्थाहरु, अफिसियल, खेलाडी र आम दर्शकको सकारात्मक सहयोगबाट महोत्सव सञ्चालन गर्ने प्रयास सफल भएको महसुस गरिएको छ।प्रकाशित सामग्रीमा नमूना तस्वीरहरु समावेश गरिएको छ। महोत्सव सञ्चालन र सामग्री प्रकाशनमा सुझाव र सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद दिदैं भएका कमी कमजोरीलाई आगामी दिनमा सुधार गर्न खेलकुद विकास समिति प्रतिवद्ध रहेको छ ।



# स्काउट गतिविधि













## स्थानीय स्काउठ परिषद् समिति

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री भुपेन्द्रकुमार लावती | नगर प्रमुख संरक्षक |
| २ | श्री कृष्णकुमारी पोखरेल निरौला | अध्यक्ष |
| ३ | श्री गौरव खतिवडा | उपाध्यक्ष |
| ४ | श्री किसन कट्टेल | सदस्य |
| ५ | श्री राकेश रेग्मी | सदस्य |
| ६ | श्री श्रीप्रसाद ढकाल | सदस्य |
| ७ | श्री खेमराज दुलाल | सदस्य |
| ८ | श्री फमकुमार मगर | सदस्य |
| ९ | श्री सुरेश अधिकारी | सदस्य |
| १० | श्री विवेक तिम्सिना | सदस्य |
| ११ | श्री रिचन तिम्सिना | सदस्य |
| १२ | श्री कृष्णराज राई | सदस्य सचिव |

## स्थानीय स्काउठ परिषद् सल्लाहकार समिति

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री तेजप्रसाद तिम्सिना | संयोजक |
| २ | श्री शान्ति पाख्रिन लामा | सदस्य |
| ३ | श्री विष्णुकुमार मगर | सदस्य |
| ४ | श्री उर्गेन योन्जन तामाङ | सदस्य |
| ५ | श्री भीमप्रसाद पोखरेल | सदस्य |

नेपाल स्काउट नियमावली २०७७ को व्यवस्था अनुसार ६ वर्ष देखि २५ वर्ष सम्मका किशोर किशोरीहरुलाई स्काउट गतिविधिमा सहभागि गराई परिचालन गर्ने व्यवस्था भएअनुसार लेटाङ नगरपालिकामा स्थानीय स्काउट कार्यालय २०८० फागुन २१ मा स्थापना भएको छ। स्थानीयस्तरमा स्काउटका विद्यालयस्तरीय गतिविधि सञ्चालन गर्दै आएको छ। पाँच वटा विद्यालयहरु श्री लक्ष्मी मा. वि., श्री शान्ति भगवती मा. वि., जाते नमूना इ.वो. स्कुल, नोवेल एजुकेशन फाउण्डेसन र पूर्वाञ्चल अल्मामेटर स्कूलमा इकाइ गठन भई उमेर समूह (११ देखि १६ उमेर) का विद्यार्थीहरुलाई २४ हप्ताको स्काउट दल सम्बन्धी तालिम र गतिविधिहरु स्काउट शिक्षकहरुबाट सञ्चालन गरी १९५ जना दिक्षान्त गर्न योग्य भएका थिए। तालिम प्राप्त विद्यार्थीहरुको दीक्षान्त सहित श्री शान्ति भगवती मा.वि.मा नगर स्तरीय दुई दिने स्काउट क्याम्प सञ्चलन गर्ने निर्णय मिति २०८१।८।१२ को स्थानीय स्काउट परिषद् बैठकले गरेको थियो।

# गतिविधि फर्केर हेर्दा







स्थानीय स्काउट क्याम्प सञ्चालनमा आवश्यक स्टलहरू निर्माण गर्ने सर्भिस टिममा विराटनगर, धरान, रङ्गेली, ग्रामथान, सुन्दर हरैंचा र बेलबारीका २० जना सिनियर स्काउटरहरूको सहयोग रहेको थियो। प्रदेश स्काउटबाट प्रदेश सदस्यता वृद्धि आयुक्त र नेपाल स्काउटबाट केन्द्रीय सह प्रमुख आयुक्त, लेटाङ नगरपालिकाको स्काउट संरक्षक, स्काउट परिषद अध्यक्ष र सल्लाहकार समितिका पदाधिकारीहरू, विद्यालयका प्रधानाध्यापक र प्रिन्सिपलहरू, वडाध्यक्षहरू, सुरक्षाकर्मीहरू (नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरी), अस्पतालका स्वास्थ्यकर्मी, सञ्चारकर्मी र १६१ विद्यार्थीहरूको सहभागिता रहेको थियो। पर्यवेक्षकको रुपमा लेटाङ नगरपालिकाका सबै माध्यमिक विद्यालयहरूलाई आमन्त्रण  गरिएको थियो।







# प्रमुख क्रियाकलापहरू

**उद्घाटन कार्यक्रम:** स्थानीय स्काउट संरक्षक एवम् नगर प्रमुख श्री भुपेन्द्रकुमार लावतीको प्रमुख आतिथ्यता र स्थानीय परिषद्को अध्यक्ष श्री कृष्णाकुमारी पोखेल निरौलाको अध्यक्षतामा भएको समारोहमा जनप्रतिनिधि, संघ सस्थाका प्रमुख को उपस्थिति रहेको थियो भने कार्यक्रम सल्लाहकार परिषद् सदस्य शान्ति पाख्रिनले सञ्चालन गर्नु भएको थियो।



**दिक्षान्त समारोह:** १२१ जना विद्यार्थीहरूको प्रथम तह र ४० जनाको द्वितीय तह तालिमको दीक्षान्त गरी स्काउट व्याज र स्कार्फ प्रदान।

**खेलकुद:** कमाण्डो ब्रिज, टयरवाल, बेम्वो वाक, बकेट द बल, ल्याडर क्रसिङ, सुपर म्यान, ल्याण्ड माइन, ह्याङ्गीङ ब्रिज, पुट द बिन्दि आदी।

**क्याम्प फायर:** शीव रागिनि सहित क्याम्प फायर, अन्तर ट्रुप नृत्य प्रतियोगिता, गायन र कविता बाचन, स्काउट एल।

**सर्वधर्म सभा:** सबै धर्मको धार्मिक विधि अनुसार पुजा र प्रार्थना सञ्चालन।
विपद व्यवस्थापन तालिम: तालिम प्राप्त प्रशिक्षक प्रहरी नायब उपरीक्षक श्री भुपाल तामाङ बाट किचेन फायर सेफ्ट र फायर सेफ्टी सम्बन्धी तालिम।

**प्राथमिक उपचार सम्बन्धी तालिम:** लेटाङ अस्पताल र नगरपालिकाको स्वास्थ्य शाखाबाट तालिम।

**टेन्ट पिचिङ अभ्यास:** समूह प्रदर्शनी।











# उपलब्धि

- लेटाङका नागरिक र विद्यालयहरूलाई पहिलो पटक स्काउट र यस सम्बन्धी गतिविधिको जानकारी गराउन क्याम्प सफल भएको,
- १६१ जना विद्यार्थीहरु दीक्षित भइ स्काउट प्रति प्रतिवद्ध भएका,
- कमाण्डो ब्रिज, टयरवाल, बेम्वो वाक, बकेट द बल, ल्याडर क्रसिङ, सुपर म्यान, ल्याण्ड माइन, ह्याङ्गीङ ब्रिज, पुट द बिन्दिबाट मनोरञ्जन आदान प्रदान र अनुभव गरेका,
- क्याम्प फायर, अन्तर ट्रुप नृत्य प्रतियोगिता, गायन र कविता वाचन, स्काउट एलमा सहभागि भइ ज्ञान लिएका,
- सबै धर्मको धार्मिक विधि अनुसार पुजा र धार्मिक सहिष्णुताको जानकारी र अभ्यास भएको,
- विपद र विपद व्यवस्थापनको जानकारी, पूर्वतयारी र सावधानी सम्बन्धी सीप विकास गर्न प्रयास भएको,
- स्थानीय स्तरमा आवश्यक प्राथमिक उपचार सम्बन्धी ज्ञान सीप प्रदान
- खाजा, खाना, सामूहिक बसाइ र सरसफाइ स्व व्यवस्थापन बानी विकास गर्न सिकाइ भएको
- बिहानको बाहिरी शारीरिक अभ्यासबाट समुदायमा स्काउट गतिविधि जानकारी भएको
- शारीरिक व्यायाम, विभिन्न कला कौशलमा अभ्यास मार्फत सिकाइ भएको
- स्काउटीङ गतिविधिबाट विद्यार्थीको काम गर्ने र आत्मनिर्भर हुने आत्मबल बढाउन सफल भएको

## क्याम्पमा आयोजित प्रतियोगिताको नतिजा :

१. अन्तर ट्रुप डान्स कम्पिटिसनमा प्रथम हुने विद्यालय श्री पूर्वाञ्चल अल्मामेटर होम स्कुल लेटाङ ४ मोरङ

२. पुरस्कार र ट्रफी वितरण

**उत्कृष्ठ स्काउट ट्रुप**

१. बेष्ट स्काउट ट्रुप अवार्ड श्री लक्ष्मी मा. वि. लेटाङ २ मोरङ

२. पुरस्कार र प्रमाणपत्र वितरण






# सरक्षकको नजरमा लेटाङ स्काउटः

नेपाल स्काउट एक स्वयंसेवी संस्थाको रुपमा देशभर गतिविधि सञ्चालन गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय छवी रहेको संस्था हो। लेटाङको विद्यालय तहका शिक्षक र विद्यार्थी हरुमा स्वयंसेवी, अनुशासित, सृजनशील र सहिष्णुताका साथ शान्ति र विकास गर्न योग्य नागरिक तयार गर्न यसको भूमिका रहन्छ। नैतिक शिक्षा र जनचेतना अभिवृद्धि मार्फत चरित्रवान् नागरिक तयार पार्ने र समाजमा विपद् एवम् मेला महोत्सवमा समेत परिचालित भई समाज र नागरिकको सेवामा खटिने संस्था हुनाले लेटाङमा यसको आवश्यकता अझ बढी रहेको महसुस भएको छ। यसका गतिविधिहरु अन्तर धार्मिक सहिष्णुता र शान्तिसँग समेत सम्बन्धित रहेकोले आजको युगमा संस्कारयुक्त सिकाइ सुसंस्कृत नगर निर्माणमा विद्यालयका विद्यार्थीलाई एकैठाउँमा बाल्यकालदेखि नै यसले जिम्मेवार बोध गर्न सहयोग गरेको देखिन्छ।

स्काउटप्रति आम चासो बढाएर सहभागी विद्यार्थीहरुको सीप क्षमता स्वव्यवस्थापन र सहिष्णुताको लागि ज्ञान सीप थप गर्न यस्ता गतिविधि प्रभावकारी हुने छ।यो कार्यक्रम लेटाङमा पहिलोपटक आयोजना हुँदा विद्यार्थीमा आत्म निर्भर हुन मद्दत पुगेको छ। कार्यक्रम सञ्चालनमा स्कउट पदाधिकारी, सर्भिस टिम, स्थानीय स्काउट परिषद, सल्लाहकार सदस्य, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्काउटर र स्काउटको सक्रिय सहभागिता रहेको अभिभावभावकहरुले नजिकबाट अनुगमन गरी सकारात्मक प्रतिक्रिया दिएको पाउदा खुशी लागेको छ।

कार्यक्रम सफल बनाउन समग्र व्यवस्थापनका लागि आर्थिक सहयोग गर्ने विद्यालयहरु ,सहभागी विद्यार्थीहरु, अभिभवकहरु, पर्यविक्षकरु, सर्भिस टिम, इलाका प्रहरी कार्यालय लेटाङ, सशस्त्र प्रहरी वेश पथरी, नगर प्रहरी इकाइ लेटाङ, स्थान उपलव्ध गराउने शान्ति भगवती माध्यमिक विद्यालय, स्थानीय परिषद्, सल्लाहकार समिति र कार्यसमितिका पदाधिकारी, प्रधानाध्यापकहरु, स्काउट शिक्षक, अभिभावक, कर्मचारी र पत्रकारहरुलाई आगामी दिनमा समेत सबै प्रकारको सहयोगको अपेक्ष सहित आयोजकको तर्फबाट धन्यवाद व्यक्त गर्दै स्काउट सम्बद्ध सबैको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरिएको छ। स्थानीय स्काउट परिषद एवम् सल्लाहकार परिषद् लेटाङ।



